जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.द.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४०    अंक ३०    २०७८ साल फागुन ८ गते आइतवार (20 Feb. 2022 Sunday)    मूल्य रु. ७/-

मानवीय लापरवाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरूवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : मागहरु सुनुवाइ नभए ... पृष्ठ ३ मा : एमसीसीबारे छरिएका भ्रम ... पृष्ठ ५ मा : छिन्नमस्तासहित १३ वटा ... पृष्ठ ५ मा : यूक्रेनमा रूसी आक्रमणको ...

## निर्वाचन प्रणाली अन्तर्गत गरिने प्रक्रियामा सुधार आवश्यक : पूर्व प्रमुख निर्वाचन आयुक्त डा. यादव



**राजविराज**/पूर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले निर्वाचन प्रणाली अन्तर्गत गरिने प्रक्रियामा सुधार आवश्यक रहेको बताएका छन् ।

शनिवार राजविराजमा सञ्चारकर्मीहरुसँगको कुराकानीमा उनले वर्तमान निर्वाचन प्रणालीबाट ऐतिहासिक उपलब्धि प्राप्त भएको बताउँदै यसमा हुने खर्च कम गर्नका लागि सुधार आवश्यक रहेको बताएका हुन् ।

वर्तमान निर्वाचन प्रणालीले मधेशी, आदिवासी, जनजाति, दलित, मुस्लिम, महिला लगायत सबै वर्गको प्रतिनिधित्व निश्चित गरेकोले निर्वाचन प्रणाली अन्तर्गत गरिने प्रक्रिया खर्चिलो भएका कारण यसमा सुधार ल्याउनु जरुरी रहेको उल्लेख गरे ।

मतदाता नामावली तयारीका लागि नागरिक्ता आवश्यक रहने गरेको भएपनि त्यसकै आधारमा मतदान दिने व्यवस्था नराखि मतदाता परिचय पत्र बनाउनु पर्ने प्रावधानले निर्वाचनमा खर्च बढेको उनको भनाइ छ ।

निर्वाचन आयोगलाई नै आवधिक निर्वाचनको मिति घोषणा गर्ने अधिकार दिएर, मतदान स्थलमै मतगनाणाको व्यवस्था गरेर, स्थानीय तहको निर्वाचन प्रदेश सरकार मातहतमा तथा प्रदेश र केन्द्रको निर्वाचन पूर्ण सामानुपातिकको आधारमा व्यवस्थापन गरे खर्च घटाउन मद्दत पुग्ने उनको भनाइ छ ।

डा. यादवले पूर्ण सामानुपातिक निर्वाचन हुँदा व्यक्ति नभई राजनितिक दल उम्मेदवार हुने हुँदा निर्वाचनमा हुन खर्चमा पनि निकै कमी आउने दावी गरे ।

## प्रहरीद्वारा एक करोडभन्दा बढिको अवैध मालसमान बरामद



**राजविराज**/सप्तरी प्रहरीले जिल्लाको विभिन्न सिमानाबाट एक करोड भन्दा बढीको अवैध रुपमा ल्याउने सरसामान बरामद गरेको छ ।

शनिवार प्रहरीद्वारा सार्वजनिक गरिएको विवरणअनुसार चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि हालसम्ममा भन्सार छली भारतको विभिन्न नाका हुँदै जिल्लामा अवैध रुपमा भित्र्याइएको १ करोड १४ लाख ६४ हजार ६९ रुपैयाँको सरसामान जफ्त गरी राजविराज भन्सार कार्यालयलाई बुझाइएको छ ।

सो क्रममा अवैध कारोवारमा संलग्न रहेका १६ जना पक्राउ समेत परेका छन् । प्रहरी निगरानी बढाउँदा अवैध कारोवार घट्दै गएको छ भने राजस्व रकम बढ्दै गएको डिएसपी माधव प्रसाद काफ्लेले बताए । यसरी नाका क्षेत्रबाट जफ्त गरिएका सामानहरुमा लत्ताकपडा, भाडाकुडा, किराना, पान मसाला, इलेक्ट्रोनिक लगायतका सामान छन् ।

खुल्ला सिमाको फाइदा उठाउँदै तस्करहरु लुकीछिपी अवैध ढंगले मालसामान ओसारपोसार गर्ने गरेको सूचनाको आधारमा निगरानी बढाइएछि सफलता मिल्दै गएको प्रहरी उपरिक्षक अभिनारायण काफ्लेको भनाइ छ ।

## प्रजातन्त्र दिवसमा एक महिलासहित नौ कैदी मुक्त




**राजविराज**/प्रजातन्त्र दिवसको अवसरमा सरकारले राजविराज कारागारका एक महिला सहित नौ जना कैदीलाई रिहा गरेको छ । कर्तव्य ज्यान, डाका, चोरी लगायत विभिन्न मुद्दामा जेल सजाय भुक्तान गरिरहेका ती कैदीको बाँकी कैद मिनाहा गरी रिहा गरिएको हो ।

रिहा भएका मध्ये एक महिला सहित चार जना कर्तव्य ज्यान तथा अन्य विभिन्न मुद्दामा जेल सजाय भुक्तान गरिरहेका थिए ।

कैद सजाय मिनाहा भइ रिहा हुनेहरुमा कर्तव्य ज्यान तर्फ सप्तरीको राजविराज नगरपालिका ८ निवासी २३ वर्षिया सञ्जिला कुमारी यादव, अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ का ७० वर्षिय सत्यदेव साह तेलि, खडक नगरपालिका ६ का ३१ वर्षिय राजकिशोर विश्वकर्मा र कञ्चनरुप नगरपालिका ११ का ३३ वर्षिय महेश निरौला छन् ।

यस्तै डाका मुद्दातर्फ सुरुङ्गा नगरपालिका ८ का ३४ वर्षिय अनिल कुमार राम, सवारी अंगभंग मुद्दाका कञ्चनरुप नगरपालिका २ का २३ वर्षिय जन्नत मन्सुरी मियाँ, सवारी ज्यान मुद्दाका शम्भुनाथ नगरपालिका ६ का ६२ वर्षिय जयप्रकाश चौधरी, चोरी मुद्दाका बोदेवर्साइन नगरपालिका ७ का ५४ वर्षिय जगदेव यादव र वहुविवाह मुद्दाका सिराहको लहान नगरपालिका १८ का ३८ वर्षिय विनोद कुमार चौधरी पनि रिहा भएका छन् ।

राम्रो आचरण भएकाले सरकारद्वारा बाँकी कैद मिनाहा गरी प्रजातन्त्र दिवसको अवसरमा उनीहरुलाई रिहा गरिएको राजविराज कारागारका प्रमुख सुमन कोइरालाले जानकारी दिए । रिहा हुन लागेको खबर पाएपछि कारागार प्रवेशद्वार नजिकै उनीहरुका आफन्तको ठुलो भिड लागेको थियो ।

कोभिड संक्रमणबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम कायमै छ ।
- यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा नजाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सिंचाईमा अझ सुधार भएन

सप्तरीको सिंचाई क्षेत्रमा अझै सुधार हुनसकेको छैन् । किसानहरुलाई अव्यवस्थित सिंचाई व्यवस्थाका कारण खेती गर्न निकै कठिनाई भइरहेको छ । आकाशे पानीको भरमा खेती उनी बाध्य छन् । जिल्लाका अधिकांश किसानहरु सिंचाई र कृषिमा अपेक्षा अनुकुलको सुधार आउन नसकेकोमा निरास बन्दै गएका छन् । सरकारले बारम्बार सिचाईको उचित व्यवस्था गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म आवश्यकता अनुसारको सिचाईको सुविधा गर्न सकेको छैन् ।

धान उत्पादनको दृष्टिकोणले सप्तरी महत्वपुर्ण जिल्लाको रुपमा चिनिदै आएको छ । समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुने गरेको छ । तर, अव्यबस्थित सिंचाईकै कारण सप्तरीमा धानबालीसँगै अन्यबालीहरुको समेत उत्पादन घट्दै आएको छ ।

बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरीको मार समेत खेप्दै आएका छन् । सिचाईकै आभावमा बर्षेनी जिल्लामा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो । तसर्थ कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन व्यवस्थित सिंचाईलाई व्यवस्थित बनाउन सरकार गम्भिर हुनुपर्ने अतयन्त आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मागहरु सुनुवाइ नभए फागुन १० देखी संघर्ष गर्ने मजदुर संघको चेतावनी

**राजबिराज**/बिभिन्न ८ बुँदे माग अघि सार्दै बुझाइएको ज्ञापन पत्रको सुनुवाई नभएको भन्दै अखिल नेपाल बिद्युतीय रिक्सा अटो टेम्पो मजदुर संघ सप्तरीले पुनः सोही माग राख्दै मंगलबार राजबिराज नगरपालिकामा ध्यानाकर्षण पत्र बुझाएको छ ।

गत माघ १८ गते नगरको समस्याहरु बारे बिभिन्न ८ सुत्रिय माग राख्दै राजबिराज नगरपालिका कार्यालयमा बुझाएको ज्ञापन पत्रको सुनुवाई नभएको भन्दै पुनः सोही माग राख्दै ध्यानाकर्षणपत्र बुझाएको हो ।

बुझाइएको ध्यानाकर्षण पत्रमा पछिल्लो पटक बुझाइएको ज्ञापनपत्रप्रति नगरपालिकाले १५ दिनभित्र कारवाही गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म कुनै सुनुवाई नभएको भन्दै फागुन १० गतेदेखी संघर्षका कार्यक्रमहरु घोषणा गरेको छ ।

जिल्ला अध्यक्ष बिजेन्द्र प्रसाद देवले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र अखिल नेपाल ट्रेड युनियन महासंघसमेतलाई बोधार्थ गर्दै बुझाइएको पत्रमा मजदुर संघले नगरको बिभिन्न ठाउहरुमा स्टेण्ड कायम गर्न, राजबिराज नगरक्षेत्रमा जतातते खुलेको फुटपाथ पसलहरुलाई व्यवस्थित गर्न, छाडा पशु चौपाया नियन्त्रण गर्न कान्जी हाउस संचालन, सडकका पेटीहरु गरिएको अतिक्रमणलाई खाली गराउन माग गरिएको छ ।

त्यस्तै घर निर्माणका लागि बाटोमै राखिएको सामाग्रिहरुका कारण आवतजावतमा कठिनाई भइरहेकोमा त्यसलाई खाली गराउन, बस पार्क संचालन गर्न, हटियास्थित निर्माण भइरहेको गिलेशनको समय सीमा भित्र निर्माण गर्न अटेर गरेका ठेकेदारमाथी कारबाही तथा राजबिराजमा यातायत व्यवस्था कार्यालयको शाखा कार्यालय संचालन गर्न माग गरेको छ ।

सो मागहरु नगरपालिकाले कार्यान्बयन गर्न उदासिनता देखाएको भन्दै फागुन १० गते मसाल जुलुस प्रदर्शन, १२ गते राजबिराज नगरपालिकामा धर्ना तथा १३, १४ र १५ गते नगर क्षेत्रमा पर्चा पम्प्लेट बितरण, नाराबाजी र भण्डाफोर अभियान गर्ने जनाइएको छ । त्यस्तै फागुन १६ गते पूर्णरुपमा सिटि रिक्सा, अटो रिक्सा हड्ताल गर्ने जस्ता संघर्षका कार्यक्रमहरु सार्बजनिक गरेको छ ।

# वरिष्ठ पत्रकार झा गोपालचन्द्र गोतामे पत्रकारिता पुरस्कारबाट सम्मानित

**पर्सा**/सप्तरीका वरिष्ठ पत्रकार बैजनाथ झा यस पटकको मोफसलको प्रतिष्ठित गोपालचन्द्र गोतामे पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् ।

प्रेस स्वतन्त्रता सेनानी समेत रहेका वरिष्ठ पत्रकार झालाई गोपालचन्द्र गौतम प्रतिष्ठानले सोमबार वीरगञ्जमा आयोजना गरेको ११औं पुरस्कार वितरण समारोहमा उक्त पुरस्कार प्रदान गरेको हो ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले पत्रकार झालाई एक तोला सुनको पदक र प्रमाणपत्रले सम्मानित गरे ।

तीन दशकभन्दा बढी समयदेखि सप्तरीमा रही जनसरोकारका विषयमा कलम चलाउँदै आएका पत्रकार झालाई सम्मानित गर्दै नगर प्रमुख सरावगीले जनताका पक्षमा कलम चलाउने पत्रकारको सम्मान जस्ता कार्यले लोकतन्त्रलाई बलियो बनाउने धारणा व्यक्त गरे ।

प्रतिष्ठानका अध्यक्ष जगदिश शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै मधेस प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईले चालू आर्थिक वर्षदेखि नै लागू हुनेगरी मधेस प्रदेशमा रहेका पत्रकारको जीवन बिमा गर्नुका साथै बरिष्ठ पत्रकारलाई पेन्सन दिने तयारीमा लागेको जानकारी दिए ।

# काँग्रेसको जिल्ला अधिवेशन पुनः सऱ्यो

**काठमाडौं**/नेपाली कांग्रेसको १६ जिल्लाको अधिवेशन पुन सारेको छ । ती जिल्लाहरुको अधिवेशन फागुन १५ गते हुने जनाइएको छ ।

कांग्रेसले अधिवेशन हुन बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, नवलपुर, बाँके, अछाम र कैलालीको जिल्ला अधिवेशन फागुन १३ गतेका लागि निर्धारण गरेको थियो ।

केन्द्रीय निर्वाचन समितिको बिहीबार बसेको बैठकले पार्टीको केन्द्रीय कार्यसम्पादन समिति र पार्टी नेतृत्वबाट अनुरोध भईआए बमोजिम जिल्ला अधिवेशनको कार्यतालिका र मिति संशोधन गरिएको जनाएको छ ।

# मृत अवस्था पुरुष फेला

**राजबिराज**/सप्तरीमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । जिल्लाको हनुमानगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित कोशी पम्प कनालमा मृत भेटिएका पुरुषको छेउमा साइकल समेत फेला परेको प्रहरीले जनाएको छ ।

अन्दाजी ३५/३७ बर्षको उक्त पुरुषको शव पश्चिमी नहर भएर कोशीतर्फ बग्ने पम्प कनालमा फेला परेको इलाका प्रहरी कार्यालय भारदहले जनाएको छ ।

प्रहरीका अनुसार हालसम्म मृत पुरुषको पहिचान खुल्न नसकेको तथा शवसँगै साइकल समेत फेला परेकोले घटना वा दुर्घटना हो भन्ने बारे अनुसन्धान भइरहेको छ ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# एमसीसीबारे छरिएका भ्रम र चुनौती

केही समय यता अमेरिकी सहायता निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) द्वारा नेपालको आर्थिक विकासको गतिलाई टेवा दिई पूर्वाधार विकास योजनालाई मूर्त रूप दिन एवं गरिबी निवारण हुन सकोस् भनी अनुदान सहयोग प्रदान गर्न भनी नेपाल सरकार र अमेरिकी सरकारकाबीच संझौता भएको थियो। सेप्टेम्बर २०१७ मा भएको सम्झौताका सम्बन्धमा ठूलो चर्चा परिचर्चा भएर,गिजोलिएर अहिले तनावको स्थितिमा पुगेको छ।

यदि समयमा नै यस विवादलाई सही तरिकाबाट सम्बोधन गरिएन भने यसले नेपालको आर्थिक अनुदान सहयोगसम्बन्धि र कुटनैतिक सम्बन्धमा पनि ठूलो संकट र चुनौती आउने संभावना देखिएको छ। उदेक लाग्दो कुरा के छ भने हद र कुटनैतिक नैतिकताको सीमा नाघेर एमसीसीको विरोध गरिएको छ। त्यतिको विरोध र आपत्ति नेपालले यस अघि लिएको ऋण अनुदान सहयोगका सम्बन्धमा गरिएको थिएन।

प्रत्येक वर्षको राष्ट्रिय बजेटमा विकास निर्माण तथा पूर्वाधार विकास जस्ता कार्यका लागि आन्तरिक श्रोतको अभाव झेलिरहेको अवस्थामा नेपालका लागि वैदेशिक अनुदान वा ऋण अपरिहार्य हुनु स्वाभाविक हो।

यसरी विदेशी राष्ट्रको सद्भाव र विश्वासका आधारण प्राप्त हुने ऋण सहयोग अनुदानको रूपमा प्राप्त हुने आर्थिक सहयोगका कार्यलाई कुटनैतिक मर्यादा विपरित र निजहरूको नेपालप्रतिको आस्था विश्वासमा ठेस पुग्ने गरी गाली गलौज वा आशंका हुने किसिमका आचरण र व्यवहार किन गरिँदैछ ?यस्तो आचरण गरिएमा भविष्यमा नेपालले कुनै पनि देश वा दातृनिकायबाट त्यस्ता अनुदान सहयोग प्राप्त गर्न ठूलो चुनौती र झमेला ब्योहोर्नुपर्ने अवस्था आउन सक्छ।

एमसीसीसँग लिन लागेको अनुदान सहयोगबाट नेपाललाई के कस्तो वास्तविक फाइदा वा लाभ प्राप्त हुन्छ वा हुन सक्दछ भन्ने बारेम कुनै विश्लेषण र छलफल नै नगरी त्यसका बारेमा गलत अफ्वाह र अनर्गल प्रचार प्रसार गरी त्यस्तो अनुदान सहयोगलाई दुरूत्साहित गर्न खोज्ने कार्य कदापी देशको हित र भलाई अनुरूप देखिदैन। हुन त सन् २०१६ मा नेपालले अमेरिकासँग एक करोड डलर बराबरको अनुदान रकम लिन गरेको संझौतामा अमेरिकी कानून लागु हुने भनी संझौता हुँदा पनि कहीं कतै विरोध र हल्ला खल्ला गरेको पाइएन। तर अहिले एमसीसी संझौताबाट प्राप्त हुने ५ सय मिलियन डलरको आर्थिक अनुदान सहयोग लिन हुँदैन। यो राष्ट्रघाती छ,यसले हाम्रो सार्वभौम अस्तित्वको स्खलन गरेको छ भन्ने जस्ता झुठो प्रचार गरेको देखिएको छ। एमसीसी संझौता किन र के कारण देशघाती छैन,बरु हितकारी छ भन्ने विषयमा यस आलेखमा केही विश्लेषण गर्न खोजिएको छ।

एमसीसी साँवा र ब्याज तिर्नु नपर्ने गरी दिन खोजिएको आर्थिक अनुदान रकम हो। यसबाट प्राप्त रकम केवल सडक सञ्जालको स्तरीकरण र उच्च प्रविधि,उच्च विद्युत प्रवाह हुने विद्युत प्रसारण लाईनको विकास र निर्माणका लागि मात्र प्रयोग गरिन्छ।

यस अनुदानको रकम कुनै सैनिक,अर्धसैनिक गतिविधि वा कुनै सैनिक बस्ने क्याम्प बनाउन खर्च गर्न नपाउने गरी नेपाल र अमेरिकाबीच सन् २०१७ को संझौताको दफा २.७ मा स्पष्ट व्यवस्था गरेको छ। यदि यस्तो सैनिक गतिविधिमा यस अनुदान रकमको प्रयोग गरेको पाइएमा अमेरिकाले संझौताको दफा ५.१ (क) (अ) बमोजिम एमसीसी संझौताको अन्त गरी खर्च हुन बाँकी रहेको अनुदान रकम फिर्ता लान सक्ने छ भनी स्पष्ट व्यवस्था गरेको छ। त्यसैले,यो अनुदान लिदैमा नेपालमा अमेरिकी सैनिक उपस्थिती वा गतिविधि बढ्छ वा नेपाल इन्डो प्यासफिक रणनीतिको पक्षधर हुने भन्ने कदापी होइन।

**एमसीसी र अन्य अनुदानमा फरक**

एसियाली विकास बैंक,विश्व बैंक तथा युसएसएडले अनुदान लिने राष्ट्रलाई अनुदान लिनु भनी प्रस्ताव गर्ने गर्दछ। यस अनुरूप विगतमा दातृनिकाय राष्ट्रले तोकेको क्षेत्रमा नेपाललाई अनुदान दिन प्रस्ताव गर्ने र नेपाल सो बमोजिम अनुदान लिने गरेको पाइन्छ। तर एमसीसी ऐन २००३ अन्तर्गत विश्व गरिब एवं विकासोन्मुख देशलाई वैदेशिक सहयोग प्रदान गरी त्यस्ता देशको गरिबी निवारण र आर्थिक विकासमा टेवा पुर्याउने उद्देश्यले स्थापना गरिएको निकाय हो। अनुदानका लागि माग दावी गरी दर्खास्त दिनुपर्ने हुन्छ। अनुदानको माग गर्दैमा एमसीसीबाट स्वतः अनुदान पाउने भन्ने हुँदैन। एमसीसीले तोकेको न्यूनतम शर्त र आधार पुरा गर्ने राष्ट्ले मात्र त्यस्तो अनुदान पाउन योग्य हुन्छन्।

सोही बमोजिम नेपालले सन् २००८ मा एमसीसी समक्ष अनुदान पाउन आवेदन दिएकोमा २०१२ मा आएर यो अनुदान पाउन नेपाल योग्य रहेको भनी एमसीसीले छनौट गरेको हो। त्यसै क्रममा २०१७ मा नेपाल र एमसीसीबीच संझौता भएको हो। यो संझौताको अवधि ५ वर्षसम्म रहने भनिएको छ।

वास्तवमा २०१७ मा अमेरिका र नेपालबीच भएको अनुदान संझौता दुवै देशले समान हैसियत राखी गरेको संझौता हो। संझौताको दफा ५.१ मा नेपाल चाहेको




अवस्थामा कुनै पनि समय ३० दिनको लिखित सूचना दिएर संझौता अन्त गर्न पाउने व्यवस्था र दफा ६.४ मा यस संझौतालाई अन्तराष्ट्रिय हैसियत दिइने तथा अन्तराष्ट्रिय कानून लागू हुने भनी गरेको व्यवस्थाले नेपाल र अमेरिकालाई समान हैसियत प्रदान गरेको पाइन्छ।

**एमसीसीबारे संसदको झमेला**

नेपालले यस अघि पनि विभिन्न देश वा दातृनिकायसँग अनुदान ऋण रकम विकास निर्माणका लागि नलिएको होइन। यस्ता अनुदान सहयोग लिदा नेपाल गरेका कुनै पनि संझौतालाई संसदबाट परित गराएको दृष्टान्त पाईंदैन। नेपाल सन्धि ऐन २०४७ को दफा ४ र ६ बमोजिम संविधानको धारा २७९ (२) मा उल्लेख भएका विषयमा भएका सन्धिहरू र नेपाल पक्ष रहेको सन्धि संझौतामा नै संसदबाट अनुमोदन गरिनुपर्ने गरी शर्त राखिएको रहेछ भने त्यस्ता सन्धि संझौतालाई मात्र संसदबाट अनुमोदन गर्नुपर्ने हुन्छ। सो बाहेकका अन्य कुनै पनि किसिमका सन्धि संझौतालाई नेपाल सरकारको मन्त्रिपरिषद्ले नै अनुमोदन गरी लागु गर्न सक्ने गरी व्यवस्था गरेको पाइन्छ।

प्रस्तुत एमसीसी संझौता संविधानको धारा २७९ को विषयबस्तुभित्र नपर्ने र यसलाई संसदबाट अनुमोदन गरिनुपर्ने शर्त एमसीसी संझौतामा नभएता पनि नेपालको कानून मन्त्रालयको मितिको पत्रले यो एमसीसी अनुदानको संझौतालाई संसदबाट पारित गरिनुपर्ने भनी कानूनी राय दिएको थियो। सो राय बमोजिम दुवै पक्ष यस संझौतालाई संसदबाट परित गरिनुपर्ने भनी सहमत भएबाट ओली सरकारको पालामा अनुमोदनका लागि संसदमा पेश गरिएको हो। त्यसैले,अब यो संझौता सन्धि ऐन बमोजिम संसदबाट परित भए मात्र कार्यान्वयनमा आउन सक्दछ।

**अमेरिकी कानून मान्नुपर्ने सवाल**

सन् २०१७ मा अमेरिकाले नेपालसित अनुदान संझौता गर्दा सो संझौताका शर्त नेपालको कानूनसँग नबाझियोस् भनी त्यसका लागि दफा ७.२ मा केही पूर्व शर्त राखेको छ। उक्त शर्तअनुसार नेपालले एमसीसी अनुदान रकम प्राप्त गर्नु पूर्व नेपालको कानून मन्त्रालयले यो संझौता गर्दा नेपालको कुनै कानून उल्लंघन नभएको,संझौतामा हस्ताक्षर गर्न पाउने अधिकार रहेको र सो अनुदान बमोजिम परियोजना कार्यान्वयन गर्न चाहिने सबै इजाजतपत्र अनुमति लिइ सकेको छ भनी एमसीसीलाई कानूनी राय उपलब्ध गराउनुपर्ने हुन्छ।

उक्त शर्तको भाषाबाट पनि अमेरिकाले नेपालसँग अनुदान संझौता गर्दा उक्त संझौताको शर्त नेपाल कानूनसित नबाझियोस् भन्ने सुनिश्चितता चाहेको पुष्टि हुन्छ। यसबाट पनि अमेरिकी सरकारले नेपालसँग संझौता गर्दा आफ्नो हात माथि होस् भन्ने नचाहेको देखिन्छ। यदि चाहेको भए यस्तो शर्त पालन गर्नुपर्ने गरी यस संझौतामा व्यवस्था नै गरिने थिएन। आफू सरकारमा रहँदा गरेको जस्तोसुकै सन्धि संझौता पनि राष्ट्रवादी हुने,आफूबाहेक अरूले गरेको भने राष्ट्रघाती हुने ?

संझौताको दफा ७.४ बमोजिम संझौताको अवधि ५ बर्ष भन्दा बढी हुने छैन भनी व्यवस्था गरेको छ। उक्त दफा ५.५ को शर्तले एमसीसीको मूल संझौता अन्त भइसकेपछि पनि त्यस्ता शर्तलाई अनन्तकालसम्म निरन्तरता दिनुपर्ने भनी व्याख्या गर्न कदापी मिल्ने देखिदैन। नेपाल र अमेरिकाबीच सम्पन्न एमसीसी संझौतामा अन्तर्राष्ट्रिय कानून लागु हुने भनी व्यवस्था गरिएको उक्त संझौताको सम्बन्ध नेपालले अमेरिकी कानून मान्नुपर्ने नभई केवल अन्तरराष्ट्रिय कानून मात्र मान्नुपर्ने हुन्छ।

संझौतामा कही कतै अमेरिकी सुरक्षा वा स्वार्थको संरक्षण गर्नु पर्ने भनी व्यवस्था गरिएको छैन। उक्त संझौताको दफा ५.१ (ख)(४) मा यो संझौताको कार्यान्वयन गर्दाको अवस्था कुनै कारणबाट अमेरिकी राष्ट्रिय सुरक्षामा कुनै प्रतिकुल असर पर्ने भएमा अमेरिकी सरकारले यो संझौता अन्त गर्न पाउने शर्तको रूपमा व्यवस्थासम्म गरेको हो।


**लेखा परीक्षण सम्बन्धमा**

एमसीसी संझौताको दफा ३.२ ले एमसीसी परियोजनाबाट प्राप्त बौद्धिक सम्पत्तिमा नेपालको पहिलो स्वामित्व रहने भनी प्रष्ट व्यवस्था गरिएको छ। त्यस्तै,एमसीसी संझौताले अनुदानबाट आएको रकमको लेखा परीक्षण गर्न तथा त्यसका लागि लेखा परीक्षक नियुक्त गर्ने जस्ता पूर्ण अधिकार नेपालमा रहने गरी संझौतामा व्यवस्था गरिएको छ।

एमसीसी संझौताको दफा ३.८ मा तीनवटा निकायले लेखा परीक्षण गर्नुपर्ने गरी व्यवस्था गरिएको छ। पहिलो निकाय भनेको अर्थ मन्त्रालयअन्तर्गत रहेको महालेखा नियन्त्रक कार्यालय,दोस्रो महालेखा परीक्षकको कार्यालय र तेस्रो भनेको नेपालले एमसीसीसँग सल्लाह गरी नियुक्त अन्तरराष्ट्रिय स्तरको लेखा परीक्षण गर्ने फर्म। त्यस अन्तरराष्ट्रिय स्तरको फर्म नियुक्त गर्नु पूर्व नेपाल सरकारले तीनवटा लेखा परीक्षण फर्मलाई अल्पसूचीमा राखी ती अल्पसूचीमा रहेका तीन फर्ममध्ये एमसीसीको अडिट गाइडलाइनबमोजिम छनौट गरिएका फर्मबाट लेखा परीक्षण गराइनु पर्नेछ भनी व्यवस्था गरेको छ।

उक्त दफा ३.८ मा त्यस्तो स्वतन्त्र लेखा परीक्षक नियुक्त गरिएको कारणले नेपालको महालेखा परीक्षकको कार्यालयले संविधानबमोजिम एमसीसी परियोजनाको लेखा परीक्षण गर्न पाउने अधिकारमा

*बाँकी चार पृष्ठमा*




**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी**

## एमसीसीबार ...

कुनै असर पर्ने छैन भनी स्पष्ट व्यवस्था गरिएको छ । उक्त व्यवस्थाले एमसीसी परियोजनको लेखा परीक्षण पाउने अधिकार नेपाल सरकारमा रहेकोमा केवल अमेरिकी सरकारमा मात्र रहेको छ भन्ने भनाइ तथ्यरहित र आधारहीन भएको पुष्टि हुन्छ ।

**भारतको सहमति प्रसंग**

नेपाल एउटा सार्वभौम देश हुँदा यसले कुनै तेस्रो देशसित गरेको संझौता कार्यान्वयनमा भारत वा चीन कसैको स्वीकृति वा सहमति लिनु पर्दछ भन्ने कुरा सोच्नसम्म सकिदैन । कुन वा कस्तो संझौता सन्धि गर्ने नगर्ने पूर्ण स्वतन्त्रता नेपाललाई छ । कसैको मुख ताक्नुपर्ने हुँदैन । एमसीसी संझौताको अनुच्छेद ५ मा भएको व्यवस्थालाई केही गोलमटोल हुने गरी केही विद्वानहरूले व्याख्या र विश्लेषणको प्रयास गरेको पाइन्छ ।

वास्तवमा उक्त संझौताको अनुच्छेद ५ मा यो संझौतालाई भारतको सहमति चाहिन्छ भनी कुनै व्यवस्था गरिएको छैन । उक्त संझौताको अनुच्छेद ५ मा स्पष्ट रूपमा गोरखपुर-बुटवल अन्तरदेशीय प्रशारण लाईन परियोजना विकास गर्न भारतको सहमति चाहिन्छ भन्ने सम्म उल्लेख छ । तर एमसीसीको अनुदान रकमको प्रयोग सुनवल-बुटवलबीचको विद्युत प्रसारण लाईन निर्माणका लागि खर्च गर्नका लागि भारतको सहमति लिनुपर्ने होइन ।

नेपाल सरकार र भारतबीच गोरखपुर-बुटवल अन्तरदेशीय विद्युत प्रसारण लाईन निर्माण गर्न सहमत भएको भए सो सहमतिलाई पुष्टि हुने कागजातसम्म एमसीसीलाई देखाउनुपर्ने भनी शर्तसम्म राखिएको हो ।

**शर्त बाझिएमा के हुने ?**

भियना महासन्धि १९६९ को दफा २६ ले सन्धि संझौता गर्ने राष्ट्रले त्यस्ता संझौता पालना गर्न इमान्दारिता देखाउनु पर्दछ भनी व्यवस्था गरेको छ । त्यस्तै,दफा २७ मा दुई देशले आपसी संझौता गरिसकेपछि सो संझौताको शर्त तत् तत् देशको आन्तरिक कानूनसित बाझिएको हकमा आन्तरिक कानून निष्क्रिय भई सन्धिको शर्त लागु गर्नु पर्नेछ भनी व्यवस्था गरिएको छ,जुन एउटा अन्तरराष्ट्रिय परिपाटी पनि हो ।

उक्त भियना महासन्धिलाई नेपाल,अमेरिकालगायत १९० भन्दा बढी मुलुकले हस्ताक्षर गरी लागु भएको अवस्था छ । तर उक्त महासन्धिलाई नेपालले र अमेरिकाले अनुमोदन गरी नसकेको हुँदा सो महासन्धि नेपाल र अमेरिकाबीच बाध्यात्मक रूपमा लागु हुन्न । उक्त महासन्धिको धारा २६ र २७ व्यवस्थालाई प्रभावकारिता दिन नेपालको सन्धि ऐन २०४७ को दफा ९ ले नेपालले हस्ताक्षर गरेको सन्धि संझौता नेपाल कानून सरह हुनेछ र त्यस्तो सन्धि संझौताको शर्तसँग प्रचलित नेपाल कानून बाझिएमा बाझिएको हदसम्म सो कानून निष्क्रिय हुने र संझौता सन्धिको शर्त कायम रहने गरी व्यवस्था गरिएको छ ।

सन्धि ऐनको दफा ९ अनुरूप एमसीसी संझौताको धारा ७.१ मा रु"यस संझौताको दफासँग नेपालको प्रचलित कानून बाझिएमा नेपाल कानून लागु नभइ संझौताको शर्त लागु हुनेछ" भनी व्यवस्था गरेको हो । उक्त संझौताको दफा ७.१ को व्यवस्था नेपाल सन्धि ऐन र भियना महासन्धि अनुरूप रहे भएको पाइन्छ । किनभने नेपालको सन्धि ऐन २०४७ को दफा ९ मा"नेपाल पक्ष भएको सन्धिको व्यवस्थासँग नेपालको प्रचलित कानून बाझिएमा प्रचलित कानून लागु नभई सन्धिको प्रावधान नेपाल कानूनसरह लागु हुनेछ" भनी व्यवस्था गरेको छ । संझौताको दफा ७.१ को व्यवस्था नेपाल कानूनसम्मत नै देखिन्छ । उक्त सन्धि ऐनको दफा ९ बमोजिम पनि एमसीसी संझौताको दफा ७.१ को व्यवस्था नेपाल कानून व्यवस्था अनुरूप नै भए रहेको हुँदा नेपालको कानून उल्लंघन हुने भन्ने प्रश्न नै नरहने स्पष्ट देखिन्छ ।

**अन्य सम्झौताको हैसियत**

२०१७ नेपाल सरकार र अमेरिकी सरकारबीच ५ सय मिलियन डलर अनुदान दिने र लिने गरी एमसीसी मूल संझौता सम्पन्न भएको हो । उक्त २०१७ मा हस्ताक्षरित संझौता नै मूल संझौता हो भनी दफा ६.३ मा उल्लेख छ । त्यसपछि पनि सन् २०१९ मा नेपाल र अमेरिकाविच परियोजना कार्यान्वयन संझौता लगायतका उपसंझौता भएका छन् । मूल संझौतासित पछि सम्पन्न भएका संझौता वा उपसम्झौता बाझिएको अवस्थामा मूल संझौताको शर्त मान्नुपर्ने वा पछिका उपसम्झौताका शर्त मान्नुपर्ने भन्ने बारेमा केहीले आशंका व्यक्त गरी भ्रम फैलाउन खोजेको पाइन्छ ।

तर भ्रममा पर्न वा आशंका गर्नु पर्ने कुनै अवस्था नै छैन । किनभने एमसीसी संझौताको दफा ६.३ मा "यदि यस मूल संझौताको दफा र शर्तसँग पछि सम्पन्न गरिएका उपसम्झौता वा पत्राचारका शर्तहरू बाझिन गएमा २०१७ मा सम्पन्न मूल संझौताको शर्त नै कायम रहने छ" भनी स्पष्ट व्यवस्था गरिएको छ ।

**एमसीए नेपाल गठन**

२०१७ मा सम्पन्न एमसीसी संझौताको दफा ३.२(ख) मा नेपाल सरकारले एमसीसी संझौता बमोजिमको परियोजना संचालन र व्यवस्थापन गर्न भनी नेपाल कानून बमोजिम एउटा निकाय गठन गर्नु पर्ने भनी शर्त राखेको थियो । सो शर्त बमोजिम नेपाल सरकारले विकास समिति ऐन बमोजिम एमसीए नेपाल नामक संस्था गठन गरी स्थापना गरेको हो । उक्त एमसीए नेपालले नेपाल सरकारको तर्फबाट एमसीसी अमेरिकाबाट प्राप्त रकमलाई संझौताको शर्तभित्र रही सडक सञ्जालको विस्तार र विद्युत प्रसारणलाई निर्माण कार्यमा खर्च गर्न लगाउने लगायतका सबै कार्यको व्यवस्थापन,सुपरिवेक्षण र निर्देशन दिने पाउने गरी अधिकार र दायित्व प्रदान गरिएको देखिन्छ ।

नेपाल सरकारले एमसिए-नेपाललाई असीमित अधिकार दिने र सरकारले उक्त समितिलाई कुनै नीति निर्देशन दिन र अनुगमन गर्न नपाउने तथा एमसीए-नेपाल एमसीसीको नियन्त्रण र निर्देशनमा चल्ने एवं एमसीसीले दिने सुझाव र सल्लाह नेपालले मान्नैपर्ने दाबीमा पनि कुनै सत्यता छैन ।

नेपाल सरकारको अर्थ मन्त्रालयका सचिवको अध्यक्षतामा गठन गरिने एमसिए-नेपालको सञ्चालक समितिमा ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालयका सह-सचिव,भौतिक पूर्वाधार मन्त्रालयका सह-सचिव,नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक,निजी क्षेत्रको प्रतिनिधि,नागरिक समाजको प्रतिनिधि सदस्य र एमसिए-नेपाल विकास समितिका कार्यकारी निर्देशक सदस्य-सचिव रहने व्यवस्था छ । यसको आमन्त्रित सदस्यका रूपमा एमसीसीबाट एक जना राखिएको छ,जसको मताधिकार हुँदैन । यसरी नेपाल सरकारको बहुमत प्रतिनिधित्व हुने संस्थाले नेपाल सरकारको नीतिअनुरूप नै काम गर्नु पर्ने हुन्छ ।

एमसीए नेपाल विकास समिति ऐन बमोजिम गठित संस्था हो र यसले नेपालका सबै नियम कानून पालन गर्नुपर्ने दायित्व रहेको हुँदा यो अमेरिकी सरकारको प्रतिनिधि भन्न र अमेरिकी सरकार अन्तर्गतको निकाय हो भनी भन्न मिल्दैन ।

एमसीसी संझौतामा सडक सञ्जालको स्तरोन्नति गर्न तथा प्रसारण लाईनका लागि टावर निर्माण गर्न जमिन अधिग्रहण गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त अधिग्रहण गरेको जमिन उपरको स्वामित्व एमसीएमा रहने र परियोजना समाप्त भएपछि सो जमिन उपर सरकारको हक रहने भनी व्यवस्था छ । एमसीए-नेपालको विघटनपछि ती सम्पत्ति नेपाल सरकारद्वारा निर्णय गरिएको निकायलाई हस्तान्तरण गरिनेछ । तर त्यस्तो भूमिमा अमेरिकी सैनिकले क्याम्प खडा गरी अमेरिकी सैनिकको उपस्थिती हुने भन्ने जस्ता अनर्गल प्रचार गरेको देखिन्छ । वास्तवमा ती दुस्प्रचारबाट नेपालले अमेरिकी अनुदान नलेओस् भनी कलुषित मनसाय रहेको देखिन्छ ।

मुलुकको आर्थिक विकासका लागि नेपाललाई पर्याप्त पूँजी र प्रविधि नभएको अवस्थामा यस अनुदानलाई सहर्ष स्वीकार्नुमा नेपालको नै हित रहेको देखिन्छ । नेपालको राष्ट्रियतामा कुनै असर नपरे पनि अनाहकमा यो संझौता विवादति हुन पुगेको छ । सकेसम्म राष्ट्रिय सहमति,नभए संसदमा प्रतिनिधित्व गर्ने सत्ता गठबन्धनले एमसीसी संसदमा पेश गरी पास गर्ने वा नगर्ने भनी निर्णय गरिएमा नेपालले यस अघि गुमाएको विश्वसनीयतालाई स्थापित गर्न मद्धत पुग्दछ । किनभने विगतमा नेपालले चीन सरकारसँग गरेको बूढीगण्डकी विद्युत परियोजना विकास संझौता विना कारण भंग गरी विश्वसनीयता गुमाएको अवस्था थियो ।

हालै सहायक विदेशमन्त्री डोनाल्ड लुले टेलिफोनमार्फत् यदि नेपालले यो अनुदान लिने वा नलिने सम्बन्धमा समय नै उचित रूपमा सम्वोधन र निर्णय नगरेमा नेपालसँगको सम्बन्धमा पुनरावलोकन हुन सक्ने सम्मको चेतावनी दिएको घटनालाई समेत विविध कोणबाट हेर्ने र त्यसलाई गम्भीर रूपमा मनन् गर्न र विश्लेषण गर्नु आवश्यक देखिन्छ । प्रस्तावलाई सभामुखले विभिन्न बहानामा संसदमा छलफलमा ल्याउन अलमल गरेबाट यसले मुलुकको राजनीतिलाई थप धुर्वीकरणतर्फ लगिरहेको छ ।

वास्तवमा देशको वैदेशिक एवं आर्थिक नीतिलाई प्रमुख दलहरूले आफ्नो दलीय स्वार्थ परिपूर्तिको औजार नबनाइ यस मुद्दा र सरोकारका बिषयमा साझा एवं स्पष्ट धारणा बनाउन सक्नुपर्छ । एमसीसी जस्ता बिषयलाई सही र उचित तरिकाबाट सम्वोधन नगरी परिस्थितिलाई यसरी बिगार्दै लैजाने हो भने नेपाललाई उदारवादी लोकतान्त्रिक पश्चिमा मुलुकहरूबाट टाढा पुर्याउनेछ ।

सबै मुलुकको साथ र सहयोगबाट नेपालले आफूलाई हालसम्म आर्थिक रूपमा अगाडि बढाउँदै आएको छ र भविष्यमा पनि यसले सबै देशसँगको आफ्नो सम्बन्धलाई सन्तुलित र असंलग्न रही विकास गर्न उद्दत हुनु पर्दछ । अतः अन्तर्राष्ट्रिय राजनीतिलाई आन्तरिक राजनीतिक प्रतिस्पर्धाको विषय नबनाई संसदबाट एमसिसीबारे एउटा निर्क्यौल एवं निर्णय होस् भनी सबै तहतप्का राजनैतिक दल,बौद्धिक व्यक्ति र समूहले निष्पक्ष धारणा र सहमति बनाउन जरूरी देखिन्छ । लेखक वरिष्ठ अधिवक्ता हुन् । रातोपाटीबाट


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# छिन्नमस्तासहित १३ वटा स्थानिय तहले अझैं बजेट ल्याएनन्

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकासहित मुलुकभरीका १३ स्थानिय तहहरुले यस वर्षको बजेट अहिलेसम्म ल्याउन सकेका छैनन् ।

स्थानीय तहको पहिलो कार्यकाल सकिनै लाग्दा तथा आर्थिक वर्ष २०७८/०७९ को आधा वर्ष बितिसक्दा पनि चालु आर्थिक वर्षमा १३ वटा स्थानीय तहहरुले बजेट ल्याउन नसकेको हो ।

बागमती प्रदेशको एउटा र सप्तरीको छिन्नमस्तासहित मधेस प्रदेशका १२ वटा स्थानीय तहले यो आर्थिक वर्षको बजेट ल्याउन सकेका छैनन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार बागमती प्रदेशको रामेछाप जिल्लाको लिखु तामाकोसी गाउँपालिकाले बजेट ल्याउन नसकेको हो ।

यस्तै मधेस प्रदेश अन्तर्गत छिन्नमस्ता गाउँपालिका (सप्तरी), औरही गाउँपालिका (सिरहा), नरहा गाउँपालिका(सिरहा), धनौजी गाउँपालिका (धनुषा), गरुडा नगरपालिका (रौतहट), दोवाही गोनाही नगरपालिका (रौतहट), फतुवा बिजयपुर नगरपालिका (रौतहट), बौधीमाई नगरपालिका (रौतहट), बृन्दावन नगरपालिका (रौतहट), सिम्रौनगढ नगरपालिका (बारा), विश्रामपुर गाउँपालिका (बारा), पोखरिया नगरपालिका (पर्सा) ले अझै बजेट ल्याउन सकेको छैन ।

यस्तै अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा मधेस प्रदेशको छिन्नमस्ता गाउँपालिका (सप्तरी), राजदेवी नगरपालिका (रौतहट), बौधीमाया नगरपालिका (रौतहट), जगरनाथ गाउँपालिका (पर्सा) ले दुई वर्ष अगाडिको बजेट ल्याउन सकेको थिएन । यस्तै सुदूरपश्चिम प्रदेशको सुनर्या गाउँपालिका (बैतडी) ले बजेट ल्याउन नसकेको हो ।

राजनीतिक दल र जनप्रतिनिधिबीचको आन्तरिक किचलो, जनप्रतिनिधिहरुको गैरजिम्मेवारीपन, जनप्रतिनिधि र कर्मचारीबीचको द्वन्द्व, बजेट निर्माणमा दक्षताको अभाव लगायतका कारणले बजेट समयमै ल्याउन नसकेको नेपाल नगरपालिका संघको भनाइ छ ।

## बोक्सी भन्दै कुटपिट गर्ने ११ वर्षपछि पक्राउ

**राजविराज**/बोक्सीको आरोपमा कुटपीट गरी फरार भएका एक अभियुक्तलाई प्रहरीले ११ वर्षपछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको राजगढ गाउँपालिका २ का रामविलास यादव रहेका छन् । ११ वर्षअघि उनले आफ्नो छिमेकी सरस्वती देवी खंगलाई बोक्सी भन्दै कुटपिट गरेका थिए ।

घट्ना लगत्तै फरार भएका उनी घरमै लुकी बसेको गोप्य सुचना आएपछि खटेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार बोक्सी भन्दै कुटपीट गरेको आरोपमा चलाइएको मुद्दा उपर सुनवाई गर्दै २०६७ माघ १८ गते सप्तरी जिल्ला अदालत र २०७१ साल मंसिर २९ गते तत्कालिन पुनरावेदन अदालत राजविराजले यादवलाई तिन महिना कैद र १० हजार रुपैया जरिवानाको फैसला गरेको थियो ।

बोक्सा वा बोक्सीको आरोप लगाउने, कुटपीट गर्ने वा कुनै अमानविय व्यवहार गर्नेलाई तीन महिना देखि २ वर्ष सम्म कैद वा ५ हजार देखी २५ हजार सम्म जरिवाना वा दुबै सजाय हुन सक्ने कानुनी व्यवस्था छ ।

प्रहरीले सोमवार राती यादवलाई घरबाटै पक्राउ गरि मंगलवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराए पश्चात् कैद भुक्तानका लागी राजविराज कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## स्थानियको अवरोध पश्चात् पनि लागुऔषधसहित यादव पक्राउ

**राजविराज**/लागुऔषधसहित फेला परेका एक युवकलाई केही स्थानियको अवरोध गरे पनि प्रहरीले अन्तत पक्राउ गर्न सफल भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका १ झुटकीका २४ वर्षिय शिवशंकर यादवलाई प्रहरीले पक्राउ गर्न खोज्दा शनिबार राती स्थानियहरुले अवरोध गरेका थिए ।

पक्राउ गर्न अवरोध आएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले थप प्रहरी पठाई पक्राउ गरेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

विशेष सूचनाको आधारमा पुगेको प्रहरीले यादवको घरको शौचालयको छेउमा लुकाइ राखिएको कालो झोलामा प्रतिबन्धित लागुऔषध फेनारगन ९७ एमपुल र डाइजेपाम ९९ एमपुल बरामद गरेको थियो ।

## ट्याक्टर दुर्घटनामा एकको मृत्यु, दुई गम्भिर

**राजविराज**/सप्तरीमा ट्याक्टर दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने दुई जना गम्भिर घाईते भएका छन् ।

जिल्लाको छिन्नमस्ता गाउँपालिका ३ मा सोमबार राती फलामे रड बोकेर अर्नाहाबाट पत्थरगाढा तर्फ फर्कदै गरेको स.१.त. ६१०८ नम्बरको ट्याक्टर राती १० बजेतिर बीच बाटो मै पल्टिएर दुर्घट्ना भएको हो । सो दुर्घटनामा २९ वर्षिय सन्तोष सदाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भिर घाईते भएका सदाको मंगलबार बिहान उपचारको क्रममा स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा मृत्यु भएको छ ।

ट्याक्टर सडक भन्दा तल बजारिएपछी सोही वडाका २८ वर्षिय चालक श्रीप्रसाद मण्डल र १८ वर्षिय युवराज सदा गम्भिर घाईते भएका छन् । उनीहरुको पनि सोही अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।




अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## यूक्रेनमा रूसी आक्रमणको निर्णय भइसकेको अमेरिकी राष्ट्रपति बाइडेनको भनाइ

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति जो बाइडनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमा आक्रमण गर्ने निर्णयमा पुगेको र 'आगामी दिनमा' यूक्रेनी भूगोलमाथि आक्रमण हुनसक्ने बताउनुभएको छ ।

अमेरिकी गुप्तचर निकायले दिएको गोप्य जानकारीका आधारमा आफूले उक्त निष्कर्ष निकालेको र रूसले आक्रमण गर्दा सीमा क्षेत्रका यूक्रेनी गाउँ तथा शहरमात्र निशानामा नरहने बाइडेनको भनाइ रहेको छ । रूसको आक्रमणको निशानामा राजधानी किभ पनि पर्नसक्ने उहाँले बताउनुभयो ।

यद्यपि, केही यूरोपेली मुलुक र अमेरिकाले भनेजस्तो रूसले आक्रमणको योजना बनाइरहेको भन्ने समाचारमा कुनै सत्यता नरहेको रूसी अधिकारीले बताउँदै आएका छन् । यूक्रेनमाथिको आक्रमण गर्ने रूसी योजना रहेको र यसलाई आफूले निष्तिेज पारिदिएको भनी जस लिने दाउमा केही शक्तिराष्ट्र लागि परेको र 'यूक्रेन आक्रमणबारे' अफबाह मात्र फैलाइरहेको रूसी अधिकारीले दावी गरेका छन् ।

रुसले युक्रेनका टुक्रिएका पूर्वीक्षेत्रमा बनाबटी सङ्कट खडा गरेर त्यसलाई हमला गर्ने कारणका रूपमा प्रस्तुत गर्नसक्ने भय पश्चिमा राष्ट्रको छ । अमेरिकाले एक लाख ६९ हजारदेखि करिब दुई लाख रुसी सैनिक युक्रेन र वरपरका क्षेत्रमा भेला भइरहेको आँकलन गरेको छ । त्यसमा पूर्वीयुक्रेनका स्वघोषित डोनिएत्स्क र लुहान्स्क गणतन्त्रमा तैनाथ रुसी समर्थन प्राप्त लडाकुको सङ्ख्या पनि जोडिएको छ ।

यसैबीच ह्वाइट हाउसबाट गरेको टेलिभिजन सम्बोधनमा राष्ट्रपति बाइडनले रुसी फौजले युक्रेनमा आगामी दिन वा हप्तामा आक्रमण गर्ने योजना बनाएको विश्वास गर्ने आधार रहेको बताउनुभएको छ । राष्ट्रपति पुटिनप्रति सङ्केत गर्दै उहाँले भन्नुभयो, "अहिलेको क्षणसम्म आइपुग्दा म विश्वस्त छु कि उनले त्यस्तो निर्णय गरिसकेका छन् ।"

यसअघि अमेरिकी राष्ट्रपति र उनका उच्च अधिकारीले यस्तो अवस्था रहे या नरहेको आफूलाई जानकारी नभएको बताउँदै आएका थिए । तर उहाँले रुसले अझै पनि कूटनीतिक बाटो रोज्न सक्ने र अहिले पनि तनाव कम गरेर वार्ताको टेबलमा फर्कन ढिला नभइसकेको बताउनुभयो ।

यसअघि शुक्रबार रूसनिकट मानिने यूक्रेनी नेताले युक्रेनले गोलाबारी बढाएको र हमला गरिरहेको भन्दै स्थानीयवासीको उद्धार गर्ने घोषणा गरेका थिए । उक्त समाचारलाई युक्रेनले बारम्बार आफूले आक्रमणको कुनै योजना नबनाएको बताउँदै खण्डन गर्दै आएको छ ।

रुसले युक्रेनको पूर्वीडोनबास क्षेत्रमा सन् २०१४ यता सशस्त्र विद्रोहलाई समर्थन गर्दै आएको छ । त्यहाँको द्वन्द्वमा १४ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । एजेन्सी

## सङ्क्रमण दर उच्च रहेपनि दक्षिण कोरियाले कोभिड नियन्त्रणका उपायलाई खुकुलो पार्ने

**सियोल**/सङ्क्रमण फैलिन नदिन भनी एशियाली यस मुलुकले लिएका कडा क्वारेन्टाइन बस्नुपर्ने प्रावधानले साना व्यापारीको व्यवसायलाई धराशायी बनाएको भन्दै राहतका लागि यो कदम चालिएको दक्षिण कोरियाली जनस्वास्थ्य तथा सामाजिककल्याण मन्त्रालयले जनाएको छ ।

दक्षिण कोरियाले कोभिड-१९ महामारीबिरुद्ध सामाजिक दूरीसम्बन्धी नियमलाई करिब तीन हप्तासम्मका लागि कम गर्ने निर्णय गरेको हो ।

मन्त्रालयद्वारा जारी बिज्ञप्तिमा ओमिक्रोन भेरिएन्ट द्रूत गतिमा फैलिएको भएपनि यो दिशानिर्देश मार्च १३ सम्म अर्थात् तीन हप्ता कायम रहनेछ । सुरूका दिनमा अन्य देशको तुलनामा कोभिड सङ्क्रमण दरलाई नियन्त्रण गर्न सफल दक्षिण कोरियामा कोभिडको ओमिक्रोन सङ्क्रमणले स्वास्थ्य क्षेत्रलाई बिशेष चुनौति सिर्जना गरेको छ ।

तुलनात्मक रुपमा कम मृत्यु र अस्पतालमा भर्ना भएका समय पनि नौ हप्ताका लागि कडा सामाजिक दूरीसम्बन्धी गत नौ हप्ताका लागि गरिएको दिशानिर्देशले साना व्यवसाय र लगानीकर्तालाई आर्थिक दबाव परेको मन्त्रालयले बताएको छ ।

नयाँ निर्देशिकाअनुसार निजी जमघटका लागि अनुमति लिएका व्यक्तिको अधिकतम सङ्ख्या देशव्यापीरूपमा छ जनाको रहेको छ । तर व्यवसायीक घन्टे निषेधाज्ञा भने एक घण्टा लम्बिने छ ।

रेस्टुरेन्ट, क्याफे, भित्री खेलकुद भवन र कराओकेका साथै रात्रिकालीन मनोरञ्जनका साथै बार र रात्रिकालीन मनोरञ्जन सुबिधा स्थानीय समयको १०:०० बजेसम्म खोल्न अनुमति दिइनेछ ।

शुक्रबार सार्वजनिक सरकारी तथ्याङ्कअनुसार दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा एक लाख दुई हजार २११ मा कोभिड पुष्टि भएको छ । यो सङ्ख्या अघिल्लो दिनको तुलनामा करिब नौ हजारले कमी हो । यससँगै अहिलेसम्म कोभिड सङ्क्रमितको कूल सङ्ख्या १८ लाख ५८ हजारभन्दा पुगेको छ । गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या करिब ४०० रहेको छ । एजेन्सी

# सरकारी कार्यालयहरुमा कर्मचारी अभाव

**राजविराज/सप्तरी** जिल्लास्थित बिभिन्न सरकारी कार्यालयहरुमा दरबन्दी अनुसारको कर्मचारी नहुदा कामकाज प्रभावित भएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा ३३ जनाको दरबन्दी रहेकोमा अहिले न्युन संख्यामा रहेका कर्मचारीका भरमा सेवा दिनुपरिरहेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम बताउँछन्।

उनका अनुसार तीन जना प्रशासकिय अधिकृतको दरबन्दी रहेकोमा हाल १ जना मात्र रहेका छन् भने नायब सुब्बा २ जना र खरिदार २ जनाको पद रिक्त नै रहेको बताए। दैनिकी कार्य प्रभावित हुन थालेपछि राजबिराज कारागार कार्यालयबाट एक जना अधिकृतलाई झिकाएर काम चलाउनु परेको उनले जानकारी दिए।

प्रजिअ गौतमले अन्य कार्यालयहरुमा पनि देखिएको कर्मचारीको अभावबारे सम्बन्धित बिभाग र मन्त्रालयमा पहल गरिएको र चाडै पदपुर्ती गरिने आश्वासन पाएको बताए।

यस्तै भुमिसुधार तथा मालपोत कार्यालयमा ३ अधिकृतको दरबन्दी रहेकोमा २ पद रिक्त नै छ। यस्तै सो कार्यालयमा २ जना नासु र २ प्रमुख मालपोत अधिकृतको पद पनि रिक्त नै रहदा उपलब्ध जनशक्तिबाटै जसोतसो काम चलाउनु परेको कार्यालय प्रमुख दिपेन्द्र झाको भनाई छ।

यसैगरि सरकारी स्वामित्वको दुरसंचार सेवा प्रदायक नेपाल टेलिकमको पनि आधा दर्जन पद लामो समय देखी रिक्त नै छ। टेलिकम राजबिजराज शाखाका बरिष्ठ इन्जिनीयर एवं कार्यालय प्रमुख मो.हसन अंसारीका अनुसार १ ईन्जीनीयर १ प्राविधीक र १ ब्यापार अधिकृतको पद लामो समय देखी रिक्त छ। ३ सहायक लेखा अधिकृतको दरबन्दी रहेकोमा २ पद रिक्त नै छ।

उनका अनुसार टेलीकमको मातहतमा रहेको हनुमाननगर र कल्याणपुर उपशाखामा प्राबिधीक सहित ६/६ जना कर्मचारीको दरबन्दी रहेपनि दुबै शाखामा ४/४ पद रिक्त भई २/२ जनाबाट मात्र काम चलाउनु परेको छ।

जिल्लाको सरकारी गजेन्द्र नारायण सिह अस्पतालमा पनि विगत २ बर्ष देखी मेडिकल सुपरिटेण्डेन्टको अभाव छ। सो को पद पुर्ती हुन नसक्दा हाल सम्म निमित्त मेडिकल सुपरिटेण्डेण्टकै भरमा अस्पतालको प्रशासन चलिरहेको छ। यता जिल्लाका अधिकांश स्थानीय तह पनि कर्मचारीको अभाव झेलिरहेको छ।

कर्मचारी नहुँदा दैनिक कार्यसम्पादनमा समेत समस्या हुने गरेको छ भने सेबा लिन सेबाग्रांहीहरु कार्यालयमा घण्टौं कुर्नु पर्ने अवस्था देखिएको छ।

# एमसीसीको बिरोध

**राजविराज/**नेपाल कम्युनिष्ट पार्टी एकीकृत (समाजबादी) निकट नेपाल बुद्धिजिबि परिषद्, प्रगतिशिल नेपाल राष्ट्रिय शिक्षक संगठन, अखिल नेपाल महिला संघ, यूवा संघ नेपाललगायत जनवर्गिय संगठनहरुले संयुक्त रुपमा एमसीसी बिरुद्ध प्रदर्शन गरेको छ।

स्थानिय शिब मन्दिरको प्राङ्गणबाट निकालिएको सो बिरोध जुलुसका सहभागिहरुले एमसीसी सम्झौता खारेज गर, गो ब्याक एमसीसी, नो एमसिसिलगायत नारा अंकित प्लेकार्डसहित नगर क्षेत्रको परिक्रमा गरेका थिए।

नगर परिक्रमा पश्चात् जनआन्दोलन चौकमा नेकपा एकिकृत (समाजवादी) निकटका नेपाल बुद्धिजिबि परिषद् समाजवादीका सप्तरी अध्यक्ष अनिलकुमार अनलको अध्यक्षतामा आयोजित बिरोधसभामा नेपाल बुद्धिजिबि परिषद् समाजवादीका सचिवालय सदस्य नथुनी दास, महिला संघकी सप्तरी अध्यक्ष ममता चौधरी, यूवा संघ नेपालका आनन्ददेव यादव, नेपाल राष्ट्रिय शिक्षक संगठनका कौशलेन्द्र कुमार यादव लगायतले यथास्थितिमा एमसिसि कुनै पनि हालतमा पारित गर्न नहुनेमा जोड दिएका थिए। उनीहरुले एमसीसीकै कारण गठबन्धन भत्कियो भने बरु सत्ता छाड्न पनि तयार रहन आफ्ना नेताहरुलाई सचेत गराएका थिए।

यस्तै नेकपा एकीकृत समाजबादीले आइतबारै एमसीसी बिरुद्ध जिल्लाको शम्भुनाथ नगरपालिकास्थित ट्राफिक बजारमा बिहान ९ बजे देखि ११ बजे सम्म दुई घण्टा सडक अबरुद्ध पारेको नगर अध्यक्ष जितेन्द्र गुप्ता (नुनु) ले जानकारी दिएका छन्।

यसअघि नै कांग्रेसले २०७६ पुस १७ मै केन्द्रिय समितिको बैठकबाट एमसीसी पास गर्ने निर्णय गरेको थियो।

# ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**राजविराज/**सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादी चार वर्षपछि पक्राउ परेका छन्। पक्राउ पर्नेमा राजविराज नगरपालिका ६ का ३३ वर्षीय ललन कुमार देव छन्।

विशेष सुचनाका आधारमा प्रहरीको टोलीले सोमवार साँझ घरमै लुकी बसेको अवस्थामा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकरी दिएका छन्।

अमरेन्द्र कुमार झाको जाहेरीले वादी नेपाल सरकारद्वारा देवमाथी २०७४ असार ५ गते चलाइएको सवारी ज्यान मुद्दा उपर सुनुवाइ गर्दै सप्तरी जिल्ला अदालतले ५ महिना कैद र २ हजार जरिवानाको फैसला सुनाएको थियो।

घट्ना लगतै फरार भएका उनलाई पक्राउ पश्चात् अदालतमा उपस्थित गराइएको र आदेशानुसार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*